


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४१ | अंक १२ | नेपाल राष्ट्र बैंक समाचार | भदौ २०७४ | अगस्ट-सेप्टेम्बर २०१७


## गभर्नर डा. नेपालद्वारा लघुवित्त वित्तीय संस्थाको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले साउन २७ गते पोखरा लेखनाथ महानगरपालिका, विजयपुरमा स्पर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले समाजमा रहेका विपन्न, पिछडिएका र आर्थिक रुपले पछि परेका जनताको आय आर्जन बढाई उनीहरूको जीवनस्तर उकास्न लघुवित्त संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनु भयो । अझै पनि नेपालका अधिकांश जनतामा वित्तीय पहुँच पुग्न नसकेको बताउनु हुँदै गभर्नर डा. नेपालले तुलनात्मक रुपमा उच्च गरिबी भएका ग्रामीण क्षेत्रहरूमा लघुवित्त वित्तीय संस्थाहरूलाई शाखा खोल्न प्रोत्साहन गरिने नीति ल्याइएको बताउनु भयो । गभर्नर डा. नेपालले यसबाट वित्तीय पहुँच बढ्नुको साथै गरिबी निवारणमा सहयोग पुग्ने तथा देशको आर्थिक विकासमा समेत योगदान पुग्ने बताउनु भयो ।

लघुवित्त वित्तीय संस्थाहरू विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानमा सकारात्मक परिवर्तन ल्याउने तथा विपन्नबाट सम्पन्न बनाउने एउटा आधारशीला भएको बताउनु हुँदै गभर्नर डा. नेपालले सो कार्यक्रममा बैंक तथा वित्तीय संस्थाहरूले ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी सहज रुपमा जनतालाई वित्तीय सेवा उपलब्ध गराउनु पर्ने बताउनु भयो । उहाँले ऐन, नियम र कानूनको परिपालना तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनहरू पूर्णरुपमा लागु गरी संस्था सञ्चालन गर्नेतर्फ सञ्चालक तथा व्यवस्थापनको ध्यानाकर्षण पनि गराउनु भयो । साथै, स्पर्श लघुवित्त वित्तीय संस्थाले त्यस क्षेत्रको आर्थिक विकासमा उच्च योगदान दिने विश्वास पनि व्यक्त गर्नुभयो ।

बाँकी २ पेजमा

## गभर्नर डा. नेपालद्वारा नवनिर्मित कार्यालय भवन उद्घाटन

गर्भनर डा. चिरंजीबि नेपालले साउन ८ गते नेपाल राष्ट्र बैंक बालुवाटार परिसरमा नवनिर्मित कार्यालय भवन तथा भूकम्प पश्चात् बैंक परिसर बाहिर रहेका विभिन्न विभागहरूको केन्द्रीय कार्यालय परिसरमा स्थानान्तरण कार्यक्रमको उद्घाटन गर्नुभयो । सामान्य



सेवा विभागले आयोजना गरेको सो समारोहमा गर्भनर डा. नेपालले नवनिर्मित भवन निर्माण कार्यमा अनवरत रुपमा लाग्नु भएका सामान्य सेवा विभाग लगायतका कर्मचारीहरूका साथै प्राविधिक र निर्माण टोलीको प्रशंसा गर्नुभयो

सोही समारोहमा डेपुटी गर्भनर चिन्तामणि शिवाकोटीले भूकम्प पश्चात् निर्माण गरिएको सो भवन निर्माणमा संलग्न रहेका सबै विभागहरू तथा संचालक समितिका सदस्यहरूलाई सकारात्मक र अथक प्रयासको लागि धन्यबाद ज्ञापन गर्नुभयो । सामान्य सेवा विभागका कार्यकारी निर्देशक रमेश कुमार पोखरेलले स्वागत मन्तव्य दिनुभयो । उहाँले मन्तव्यका क्रममा भवनको निर्माण तथा सजावट सम्बन्धी लागत तथा खर्चको बारेमा पनि प्रकाश पार्नुभयो ।

२०७२ वैशाखको भूकम्पमा बालुवाटारको कार्यालय भवन क्षतिग्रस्त भएका कारण अन्य स्थानबाट सेवा प्रवाह गरिरहेका विभागहरू बालुवाटार परिसरमा नवनिर्मित कार्यालय भवनको उद्घाटन पछि केन्द्रीय कार्यालय परिसर बालुवाटारमा स्थानान्तरण भएका छन् ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा एकीकृत कारोबारको शुभारम्भ

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले साउन २० गते पोखरामा आयोजित एक समारोहका बीच कामना विकास बैंक र सेवा विकास बैंक एक आपसमा मर्ज भई कामना-सेवा विकास बैंकको नाममा हुन लागेको एकीकृत कारोबारको शुभारम्भ कार्यक्रमको उद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्नुहुँदै डेपुटी गभर्नर शिवाकोटीले बैंक तथा वित्तीय संस्थाको मर्जर हुने कार्यले राष्ट्र बैंकले लिएको नीतिलाई सहयोग गरेको र बैंक तथा वित्तीय संस्थाको सुदृढीकरणमा टेवा दिएको बताउनु भयो । उक्त अवसरमा उहाँले कामना विकास बैंक र सेवा विकास बैंक एक आपसमा मर्ज भई कामना सेवा विकास बैंकको नामबाट एकीकृत रुपमा कारोवार शुभारम्भ गर्न लागेकोले बैंकले आगामी दिनमा उल्लेख्य प्रगति गर्न सकोस् र मर्जर पछिका चुनौतीहरूलाई आँकलन गरी समाधान गर्न पनि सक्षम रहोस् भन्ने शुभकामना दिनुभयो । संस्थागत सुशासनलाई परिपालना गर्दै व्यवसायिक प्रतिस्पर्धामा खरो उत्रनुपर्ने वर्तमान परिवेशमा मर्जर पछिको कामना सेवा विकास बैंक अगाडि रहोस् भन्ने सदिक्षा पनि व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा उद्योगपतिहरू, पूर्वमन्त्री, बैंकका अध्यक्ष तथा सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरू, बुद्धिजीवी, व्यापारी, सञ्चारकर्मी तथा स्थानीय लब्ध प्रतिष्ठित व्यक्तिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

पोखरा गएको अवसर पारेर डेपुटी गभर्नर शिवाकोटीले नेपाल राष्ट्र बैंकको पोखरा कार्यालयको अवलोकन भ्रमण गर्नुका साथै निर्माणाधीन पर्खालको बारेमा पनि पोखरा कार्यालयका प्रमुख तथा नेपाल राष्ट्र बैंकका निर्देशक पोमनाथ गौतम लगायत उपनिर्देशक तथा कर्मचारीहरूसँग जानकारी लिनुभएको थियो । डेपुटी गभर्नर शिवाकोटीले साउन २१ गते लमजुङ जिल्लाको आर्थिक गतिविधिको निरीक्षण एवम् सुनचाँदी व्यवसायी र व्यापारीहरूसँग पनि अन्तरक्रिया गर्नुभयो । सो अवसरमा उहाँले सुनचाँदी व्यवसायी, स्थानीय व्यापारी र बैंकरहरूसँग लमजुङ जिल्लाको आर्थिक गतिविधि, व्यापार व्यवसाय, संभावना तथा चुनौतीहरूका बारेमा जानकारी लिनुभएको थियो ।

१ पेजको बाँकी

## गभर्नर डा. नेपालद्वारा...

### CROSS THE BORDER कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. नेपालले सोही दिन युवाहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्ने उद्देश्यका साथ पोखरामा आयोजित CROSS THE BORDER कार्यक्रमलाई सम्बोधन गर्नुभयो । उक्त कार्यक्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थिति तथा नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिमा भएका नीतिगत व्यवस्थाहरूको बारेमा जानकारी गराउनु भयो । उहाँले वित्तीय स्थायित्वको प्रवर्द्धन गर्ने, मूल्य तथा बाह्य स्थायित्व कायम गर्ने र आर्थिक वृद्धिदरलाई सहयोग पुऱ्याउने गरी आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति ल्याइएको बताउनु भयो ।




उक्त कार्यक्रममा उद्यमी व्यवसायीहरू, प्राध्यापक तथा विद्यार्थीहरू र बैंकर तथा पत्रकारहरूको उपस्थिति रहेको थियो ।



बाँकी ३ पेजमा

# अर्घाखाँचीमा सिद्धार्थनगर कार्यालयद्वारा अन्तरक्रिया कार्यक्रम

सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालको सभापतित्व र अर्घाखाँची जिल्लाका प्रमुख जिल्ला अधिकारी डिल्लीराज पोखरेलको प्रमुख आतिथ्यमा अर्घाखाँची जिल्लाको सन्धिखर्कमा सिद्धार्थनगर कार्यालयको आयोजनामा साउन २० गते "आर्थिक तथा वित्तीय तथ्याङ्कको महत्व र सम्बन्धित निकायको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा निर्देशक नेपालले "आर्थिक तथा वित्तीय तथ्याङ्कको महत्त्व र सम्बन्धित निकायको भूमिका" विषयक कार्यपत्र प्रस्तुत गर्दै देशको समग्र आर्थिक स्थिति र अर्घाखाँची जिल्लामा गरिने आर्थिक गतिविधि अध्ययनको महत्त्वको विषयमा प्रकाश पार्नुभयो । आर्थिक गतिविधिको अवस्थाले समग्र जिल्लाको विकासको स्तरबारे जानकारी हुने र प्राप्त जानकारीको आधारमा योजना, कार्यक्रम, मौद्रिक नीति तथा बजेट तर्जुमा लगायतका विषयलाई महत्त्वपूर्ण आधार हुने भएकोले अध्ययनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा सही विवरण उपलव्ध गराउन अनुरोध गर्दै उहाँले तथ्याङ्क संकलनको क्रममा हुन सक्ने त्रुटि तथा कमजोरीले समग्र निर्णय प्रक्रियामा असर पर्ने हुँदा त्यसलाई न्यूनीकरण गर्न अपनाउनु पर्ने सचेतनाको बारेमा पनि चर्चा गर्नुभयो ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी डिल्लीराज पोखरेलले अर्घाखाँचीमा आर्थिक गतिविधिको प्रचुर संभावना रहे तापनि त्यसको सदुपयोग हुन नसक्दा प्रकृतिले दिएको अनुपम उपहार खेर गइरहेको बताउनु भएको थियो । पाणिनि बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख बुद्धिराम भुसालले नेपाल राष्ट्र बैंकले अर्घाखाँची जिल्लामा आर्थिक गतिविधि अध्ययन गर्न शुरुआत गरी अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नु भएको थियो । सिद्धार्थनगर कार्यालयका बैंकिङ विकास तथा अनुसन्धान एकाइका उपनिर्देशक सुबास आचार्यले स्वागत मन्तव्य दिँदै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।



उक्त कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख/प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका प्रबन्धक/प्रतिनिधिहरू, होटल एशोसिएसनका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधिहरू, पत्रकार र अन्य सरोकारवालाहरू गरी ४५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन सिद्धार्थनगर कार्यालयका बैंकिङ विकास तथा अनुसन्धान एकाइका सहायक शंकर भट्टराईले गर्नु भएको थियो ।

# नेपालगञ्ज कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

नेपालगञ्ज कार्यालयले साउन २० गते कार्यालयको सभाकक्षमा बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूसँग मौद्रिक नीति २०७४/७५ र अन्य समसामायिक विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।



सो कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिका बारेमा ज्ञानमूलक सामग्री प्रस्तुत गर्नुभयो । उहाँले सो प्रस्तुति मार्फत मौद्रिक नीतिको पृष्ठभूमि, संरचना, कार्यदिशा, आर्थिक तथा मौद्रिक लक्ष्य, सञ्चालन लक्ष्य तथा उपकरण, वित्तीय क्षेत्र सुधार तथा नियमन, ग्राहक संरक्षण तथा लघुवित्त, विदेशी विनिमय व्यवस्थापन लगायतका विषयहरूमा ज्ञान प्रदान गर्नुभयो । साथै, उहाँले मुलुकको संघीय संरचना अनुसार बैंक तथा वित्तीय संस्थाको सञ्जाल उक्त क्षेत्रका दुर्गम र विकट क्षेत्रमा अपरिहार्य रहेको जानकारी दिनुभयो । प्रस्तुतिका क्रममा जिज्ञासुबाट उठाइएका आर्थिक, वित्तीय तथा समसामायिक विषयवस्तुहरूका बारेमा प्रकाश पार्दै आगामी दिनमा समेत यस्ता कार्यक्रमको निरन्तरता दिइने जानकारी पनि उहाँले दिनुभयो ।

उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका उपनिर्देशक कमलप्रकाश कालाथोकीले स्वागत मन्तव्य दिनु भएको थियो । उहाँले सो मन्तव्यमा कार्यक्रमको उद्देश्य र महत्त्वका बारेमा प्रकाश पार्दै भावी दिनहरूमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू कुनै विषयमा ईच्छुक रहेमा त्यस्ता विषयमा पनि राष्ट्र बैंकको सहयोगमा कार्यक्रमहरू आयोजना गर्न सकिने बताउनु भएको थियो । बैंक तथा वित्तीय संस्थाका क्षेत्रीय प्रबन्धक/शाखा प्रबन्धकहरूको उपस्थिति रहेको उक्त कार्यक्रमको सञ्चालन नेपालगञ्ज कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले गर्नु भएको थियो ।

# बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारीको लागि आवश्यक योग्यता तथा कार्य अनुभव

क, ख, ग र घ वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ मा भएका कानुनी प्रावधान अनुरुप बैंक तथा वित्तीय संस्थाको संचालक, स्वतन्त्र संचालक तथा कार्यकारी प्रमुखको पदमा नियुक्ती हुने व्यक्तिको योग्यता तथा कार्य अनुभव तोक्ने प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाका संचालक र कार्यकारी प्रमुखको नियुक्तीका लागि आवश्यक योग्यता तथा कार्यानुभव सम्बन्धी विनियमावली २०७४ लागु गरिएको सम्बन्धमा बैंक तथा वित्तीय संस्था नियमन विभागले सूचना प्रकाशित गरेको छ।

## संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्ति बैंक तथा वित्तीय संस्थाको संचालक समितिमा प्रतिनिधित्व गर्न नपाउने

यस बैंकबाट क, ख, ग वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई संघीय संरचना बमोजिमको स्थानीय, प्रदेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरू पदमा बहाल रहुञ्जेल बैंक तथा वित्तीय संस्थाको संचालक समितिमा प्रतिनिधित्व गर्न नपाउने व्यहोरा बैंक तथा वित्तीय संस्था नियमन विभागले जनाएको छ।

## Bitcoin कारोवार गैरकानुनी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ वमोजिम हालसम्म नेपालमा Bitcoin लाई कानुनी मान्यताप्राप्त नभएकोले Bitcoin सम्बन्धी कारोवार नेपालमा पूर्णरुपमा गैरकानुनी रहेको व्यहोरा जानकारी गराउदै सो सम्बन्धी कारोवार नगर्न र नगराउन हुन सर्वसाधारणको जानकारीको लागि विदेशी विनिमय व्यवस्थापन विभागले सूचना प्रकाशित गरेको छ।

## एकीकृत निर्देशन, २०७४

इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ मा आ.व.२०७३/२०७४ र आ.व.२०७४/७५ को साउन ९ गते सम्म जारी गरिएका परिपत्र तथा संसोधनहरू एकीकृत गरि एकीकृत निर्देशन, २०७४ जारी गरिएको बैंक तथा वित्तीय संस्था नियमन विभागले जनाएको छ।

## एकीकृत परिपत्र २०७४ मा संशोधन तथा थप गरिएको सम्बन्धमा

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी एकीकृत परिपत्र २०७४ (मिति २०७४/०३/२६ सम्म संशोधित) देहायका संशोधन तथा थप गरिएको छ।

१.एकीकृत इ.प्रा.परिपत्रः१/२०७४ को दफा १.६.२ खण्ड (ख) लाई संशोधन गरिएको छ।

२. एकीकृत इ.प्रा.परिपत्रः१/२०७४ को दफा १.६.३ व्यवस्थालाई संशोधन गरिएको छ।

३. एकीकृत इ.प्रा.परिपत्रः१/२०७४ को दफा १.८.२ को व्यवस्थालाई संशोधन गरिएको छ।

४. एकीकृत इ.प्रा.परिपत्रः१/२०७४ को दफा १.७.१९ पश्चात् १.७.२० मा हवाईजहाज, दूरसंचार र मेडिकल इक्वीपमेण्टका पार्टपुर्जा तत्कालै विदेशबाट मगाउनुपरेको अवस्थामा र बिक्रेताले उधारोमा दिएमा अधिकतम अमेरिकी डलर १० हजारसम्मका त्यस्ता सामानहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आयात गर्न सक्नेछ।

५.एकीकृत इ.प्रा.परिपत्रः१/२०७४ को दफा १.१०मा भएको उपदफा १.१०.३ मा नेपालका वायुसेवाप्रदायक कम्पनीहरूमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृती र सम्झौताको अवधी बहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानुन बमोजिम कर कट्टी पश्चात् हुने रकमको बढीमा ७५ प्रतिशत सम्मको रकम यस बैंकले तोकेको अधिकतम अवधिसम्मको स्थायी अनुमतीपत्रको आधारमा आवश्यक कागजपत्र लिई परिवर्त्य विदेशी मुद्रा सम्बन्धित मुलुकमा पठाउन सकिनेछ।

६.एकीकृत इ.प्रा.परिपत्रः १/२०७४ को दफा १.११.१ को खण्ड (न) पश्चात् खण्ड (प) मा भारतबाट खाद्य तथा पेय पदार्थको आयात गर्दा आयात सम्बन्धी सम्पुर्ण विवरण नेपाल सरकार, कृषि बिकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा आवश्यक कागजात राखी पूर्ण स्वीकृती लिनु पर्दछ। एकीकृत इ.प्रा.परिपत्रः २०/२०७४ को दफा १ को खण्ड (ज) को पहिलो अनुच्छेद पश्चात् तरल सरकारी सुरक्षणमा भने तोकिएको सिमा भित्र रही अधिकतम ५ बर्ष सम्मको लागि लगानी गर्न सक्नेछ भनी थप व्यवस्था गरिएको छ।

७. एकीकृत इ.प्रा.परिपत्रः२१/२०७४ को दफा १ को खण्ड(ट) पश्चात् ईजाजतपत्र प्राप्त होटलहरूले आफ्ना ग्राहकलाई आवश्यक परेमा प्रति ग्राहक अधिकतम अमेरिकी डलर ३०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा एक बसाई अवधिमा एक पटकको लागि मात्र सटही सुबिधा प्रदान गर्न सक्नेछन् भनी थप व्यवस्था गरिएको छ।

## Margin lending प्रकृतिको सेयर सुरक्षण राखी प्रवाह गर्ने कर्जा

धितोपत्र विनियम बजारमा सूचीकृत संस्थाहरूको सेयरको धितोमा बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने कर्जाको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो प्राथमिक पुँजी Core Capital को बढीमा ४० प्रतिशत बराबरको रकमसम्म मात्र यस प्रकृतिको कर्जा प्रवाह गर्न सक्नेछ साथै यसरी प्रवाह गर्ने कर्जामा एउटा सूचीकृत कम्पनीको सेयरको हकमा आफ्नो प्राथमिक पुँजीको हकमा बढीमा १० प्रतिशत नाघ्नु हुँदैन।

## हायरपर्चेज कर्जाको सहवित्तीयकरण, क्षेत्रगत तथा निजी प्रयोजनका सवारी साधन कर्जा सम्बन्धमा

हायरपर्चेज कर्जा प्रदान गर्ने अनुमतिपत्रप्राप्त संस्थालाई बैंक तथा वित्तीय संस्थाले सवारी साधन, मेशिनरी जस्ता स्थिर सम्पत्ति धितो लिई सोको खरिद मुल्यको ५० प्रतिशतसम्म कर्जा प्रदान गर्दा सम्पत्तिको पुरा मूल्यको बीमा गरेको अवस्थामा सह वित्तीयकरण आवश्यक पर्ने छैन्। त्यसैगरी काठमाडौं उपत्यका भित्रको रियलस्टेट कर्जा तथा सोको धितो सुरक्षणको बीचको अनुपात बढीमा ४० प्रतिशत र अन्य स्थानको हकमा बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्ने छ। साथै आवासीय

घर कर्जाको सम्बन्धमा त्यस्तो कर्जा काठमाडौं उपत्यकाभित्रको धितो सुरक्षणको हकमा बढीमा ५० प्रतिशत र अन्य स्थानको धितो सुरक्षणको हकमा बढीमा ६० प्रतिशतसम्म मात्र कायम गर्नु पर्नेछ । साथै निजी प्रयोजनका लागि सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्दा सो सवारी साधनको ६५ प्रतिशत र व्यक्तिगत विद्युतिय सवारी साधनको हकमा ८० प्रतिशतसम्म मात्र गर्नुपर्नेछ ।

### बैंक तथा वित्तीय संस्थाहरूको शाखा/कार्यालय खोल्ने सम्बन्धमा

एकीकृत निर्देशन को इ.प्रा. निर्देशन नं.१४ को खण्ड (ट) मा सबै नेपालीको बैंक खाता खोली सामाजीक सुरक्षा भत्ता बैंक मार्फत् उपलब्ध गराउने नेपाल सरकारको अभियानलाई सहयोग पुऱ्याउन बैंक तथा वित्तीय संस्था नभएका गाँउपालिकाहरूमा शाखा खोली हालसम्म खाता नभएका नेपाली नागरिकहरूको खाता आर्थिक वर्ष २०७४/७५ भित्र खोलेमा सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरूलाई प्रति २५०० खाता बराबर रु.१ करोड निर्ब्याजी सापटी एक बर्षको लागि उपलब्ध गराईनेछ र संघीय संरचना अनुसार तय भएका ७४४ स्थानीय तहमध्ये २०७४ असार मसान्तसम्म वाणिज्य बैंकको शाखा नरहेका स्थानीय तहमा वाणिज्य बैंकले अनिवार्य रुपमा शाखा खोल्नु पर्नेछ र विकास बैंकहरूले वाणिज्य बैंक र विकास बैंक दुबै नरहेको स्थानीय तहमा शाखा खोल्न सक्नेछन् ।

### लघुवित्त वित्तीय संस्थाको इजाजतको लागि आवेदन लिने कार्य स्थगित

वित्तीय संस्थाको पहुँच कम रहेका मनाङ, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ, बाजुरा र दार्चुला जिल्लामा प्रधान कार्यालय स्थापना गरी उक्त जिल्लाहरूमा नै प्रधान कार्यालय स्थापना गरी उक्त जिल्लाहरूमानै कार्यक्षेत्र रहने गरी बाहेक अन्य क्षेत्रका लागि लघुवित्त वित्तीय संस्था स्थापना एवम् वित्तीय कारोवार गर्न इजाजतपत्रको लागि आवेदन लिने कार्य स्थगन गरिएकोमा सो जिल्लाहरूमा समेत लघुवित्त वित्तीय संस्थाको संस्थापना एवम् इजाजतको लागि आवेदन लिने कार्य स्थगन गरिएको सूचना बैंक तथा वित्तीय संस्था नियमन विभागले सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरेको छ ।

## धनगढी कार्यालयमा ज्ञान आदान प्रदान कार्यक्रम

पछिल्लो समयमा सार्वजनिक संस्थानको बदलिँदो भुमिका तथा नेपालको अर्थतन्त्रमा सार्वजनिक संस्थानको महत्त्वको विषयवस्तुलाई समेटी धनगढी कार्यालयमा भदौ महिनाका लागि २०७४/५/४ गते ज्ञान आदान प्रदान कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रमका सहजकर्ता सहायक निर्देशक श्री झकेन्द्रबहादुर शाहीले सार्वजनिक संथानहरूको अहिलेको स्थिति, सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्नुको उद्देश्य तथा निजीकरण गरिसकिएपछिको अवस्था बारे छलफल गर्नु भएको थियो ।

कार्यक्रमको दोश्रो भागमा सहायक निर्देशक श्री पुष्पराज शर्मा बिनाडीले National Income Accounting का सैद्धान्तिक पक्षहरूका सम्बन्धमा जानकारी पेश गर्नु भएको थियो । उहाँले National Income Accounting गरिनुको उद्देश्य र त्यस अन्तर्गतका विभिन्न पक्षहरू तथा विभिन्न देशहरूले अपनाएका गणनाका तरिकाहरू माथि प्रकाश पार्नुभएको थियो ।

## मंगलसेनमा बैंकिङ एवं आर्थिक गतिविधि सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

विकासको दृष्टिकोणले पछि परेको प्रदेश न. ७ अन्तर्गतको जिल्ला अछाममा बैंकिङको महत्व तथा बैंकिङको माध्यमबाट अन्य आर्थिक गतिविधिमा पर्न जाने प्रभावको बिषयलाई लिई धनगढी कार्यालयको आयोजनामा २०७४/४/२७ गते अछाम जिल्लाको सदरमूकाम मंगलसेनमा एक दिने बैंकिङ एवं आर्थिक गतिविधि सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । धनगढी कार्यालयका निर्देशक विश्रूत थापाको सभापतित्वमा आयोजना भएको उक्त कार्यक्रममा उहाँले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा प्रस्तुती दिंदै जिल्लाको आर्थिक गतिविधि बढाउने र वित्तीय साक्षरता अभिबृद्धि गर्ने पक्षमा नेपाल राष्ट्र बैंकले सरोकारवालाहरूलाई सक्दो सहयोग र समन्वय गर्ने बताउनु भयो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक रमेश आचार्यले बैंकिङ एवं आर्थिक गतिविधि सम्बन्धी अन्तर्क्रियाको उद्देश्य र आवश्यकता माथि प्रकाश पार्दै कृषि, उद्योग/व्यापार तथा पर्यटन विकासका लागि बैंक तथा वित्तीय संस्थाहरूले उत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नुपर्ने र आर्थिक कारोवार बैंकिङ च्यानलबाट गरेमा मात्रै बचतको राम्रो सदुपयोग हुने र बैंकिङ पद्धतिको विकासमा सहयोग पुग्ने विचार राख्दै बैंकहरूले अन्य सम्भावित क्षेत्रहरू पहिल्याएर लगानी गर्न जरुरी रहेको धारणा राख्नुको साथै उहाँले उत्साहजनक र सक्रिय सहभागिताको लागि सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । जिल्ला समन्वय समिति अछामका प्रमुख नर बहादुर कुँवरको प्रमूख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम सहायक निर्देशक श्री खड्क बहादुर चौधरीले सञ्चालन गर्नु भएको थियो । सो कार्यक्रममा अछाम जिल्लाका सरकारी निकायका प्रतिनिधिहरू, स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी/व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## पद तथा गोपनीयताको शपथ ग्रहण

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक श्री पोमनाथ गौतमले नेपाल एग्रो माइको फाइनान्स वित्तीय संस्थाका नवनियुक्त अध्यक्ष श्री रमेश कुमार कर्माचार्यलाई मिति २०७४ साल जेष्ठ २५ गते र जनसेवी लघुवित्त वित्तीय संस्थाका नवनियुक्त अध्यक्ष श्री विकास गौचनलाई २०७४ साल असार ०९ गते बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा भएको व्यवस्था बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो ।

२०७३/०६/०४ बाट संचालनमा आएको नेपाल एग्रो माइको फाइनान्स वित्तीय संस्थाले नेपालका कास्की, पर्वत, बाग्लुङ्ग, गुल्मी, प्युठान, रोल्पा, तनहुँ, सल्यान, पाल्पा र लम्जुङ्ग गरी १० जिल्लामा वित्तीय सेवा प्रदान गरिरहेको छ भने २०७२/०६/१२ बाट संचालनमा आएको जनसेवी लघुवित्त वित्तीय संस्थाले पर्वत, बाग्लुङ्ग, म्याग्दी, गुल्मी, रुकुम, रोल्पा, कास्की, तनहुँ, लम्जुङ्ग र गोरखा गरी १० जिल्लालाई आफ्नो कार्य क्षेत्र बनाएको छ ।

# कर्णाली अञ्चलमा बैंकिङ विकास



गुरुप्रसाद पौडेल
निर्देशक, नेपालगञ्ज कार्यालय

## कर्णाली पृष्ठभूमि

आधुनिक नेपालमा समायोजन हुनुपूर्व कर्णाली प्रदेशमा २२ राज्य थिए। वि.सं १९७२ मा मुलुकलाई ३५ जिल्लामा विभक्त गरी करिब २० जिल्लामा प्रशासनिक एकाइको व्यवस्था गर्दा जुम्ला एक सशक्त एकाइ थियो। जुम्लामा प्रशासक भई आउनेलाई शक्तिशाली प्रशासक मानिथ्यो। आधुनिक खस भाषाको उत्पत्ति यहीँ (जुम्ला, कर्णाली) बाट भएको मानिन्छ।

मुलुकको कुल भूभागको करिब १५ प्रतिशत कर्णालीको भागमा पर्छ। तर जनसंख्या भने कुल जनसंख्याको पुगनपुग १.५ प्रतिशत मात्रै छ। यति ठूलो भूगोल र परापूर्वको यति ठूलो गौरव भूमि आज किन पछाडि पर्‍यो यो ज्यादै सोचनीय विषय हो। कर्णालीका सबै पक्षलाई चिरफार गर्दै पुरीचन्द्र देवकोटाले “कर्णाली दर्पण” मा केही विषयहरू उजागर गरेका छन्। उनका अनुसार २००७ को परिवर्तनको खबर कर्णालीको जुम्ला पुग्न ३ महिना लागेको थियो। केन्द्रसँग सिधा सञ्चार सम्पर्क हुन नसक्नु कर्णाली पछाडि पर्नुको पहिलो कारण बन्यो। वि.सं. २००७ को परिवर्तन पछि मन्त्रिमण्डलमा समावेश भएर कर्णालीले सिंहदरबार छिर्न २०२५ सम्मै कुर्नु पर्‍यो। सिंहदरबारसँग सोझो सम्बन्ध हुन नसक्नु कर्णाली पछि पर्नुको दोस्रो कारण बन्न पुग्यो। धेरै लामो समयसम्म पनि कर्णाली अञ्चलको मुलुकसँगको सम्पर्क स्रोत हवाइ सेवा मात्र रह्यो जुन आमजनताको पहुँच बाहिर थियो। अपार सम्भावना बोकेको यो क्षेत्रलाई सडक सञ्जालले अनुबन्धित गर्न नसक्नु अर्को प्रमुख कारण रह्यो। अञ्चलकै सदरमुकामको रुपमा रहेको र प्राकृतिक श्रोतको धनी मानिने जुम्ला जिल्लामा सडक पुग्न २०६३ साल नै कुर्नुपर्‍यो। कर्णाली राजमार्गको स्तरोन्नति तथा बाँकी जिल्लाहरूलाई समेत सडक सञ्जालमा आबद्ध गर्नु कर्णालीका लागि अहिले पनि चुनौतीकै विषय रहिआएको छ।

## कर्णाली अञ्चलका अग्रणी बैंक

विकासका अन्य पाटामा पछाडि पर्नुको सोझो प्रभाव कर्णालीको बैंकिङ क्षेत्रमा समेत पर्न गयो। कर्णाली अञ्चलमै पहिलो पटक वाणिज्य बैंक पुग्न वि.सं. २०२३ कुर्नुपर्‍यो। कर्णालीका पाँचै जिल्लामा बैंक पुग्न वि.सं. २०३४ सालमा मात्र सम्भव भयो। राष्ट्रिय वाणिज्य बैंकले पहिलोपटक जुम्ला जिल्लामा वि.सं. २०२३ माघ १० गते शाखा खोलेको थियो भने डोल्पामा नेपाल बैंकको उपस्थिति २०३४ मा हुन पुगेको थियो। अन्य ३ जिल्लामा राष्ट्रिय वाणिज्य बैंकका शाखाहरू यस बीचमा खोलिएका थिए।

## हालको नयाँ प्रादेशिक संरचना र बैंक तथा वित्तीय संस्थाको उपस्थिति

हालसालै जारी संविधानमा मुलुकलाई सात प्रदेशमा विभक्त गरिएको छ। कर्णाली अञ्चल प्रदेश नं. ६ मा पर्दछ। यो प्रदेशमा कर्णाली अञ्चलका ५ जिल्लाका अतिरिक्त रुकुम जिल्लाको पश्चिम भाग, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत जिल्ला गरी १० जिल्ला पर्दछन्। नयाँ संघीय संरचनाअनुसार कर्णाली अञ्चलमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति यस्तो रहेको छ :

(क) डोल्पा: क्षेत्रफलको हिसाबले नेपालकै सबैभन्दा ठुलो जिल्ला भए पनि करिब ३९ हजार मात्रै जनसंख्या रहेको यस जिल्लामा ३ वटा मात्र वाणिज्य बैंकहरू रहेका छन्। डोल्पा जिल्लामा रहेको नेपाल बैंक लि.मा नेपाल राष्ट्र बैंकले नोटकोषको स्थापना गरी त्यस क्षेत्रमा नेपाली नोटहरू आपूर्ति गर्ने गरेको छ। सडक यातायातसँग नजोडिएको जिल्ला भएकाले जिल्लाका लागि आवश्यक पर्ने नेपाली मुद्राको ढुवानी हवाइजहाज चार्टर गरेर लगिन्छ। दुईवटा नगरपालिका र ६ वटा गाउँपालिका रहेको यस जिल्लाको सदरमुकाम ठुलीभेरी नगरपालिकामा मात्रै बैंकहरूको उपस्थिति रहेको छ भने बाँकी सात स्थानीय निकायहरू बैंक विहीन छन्। डोल्पाको ठुलीभेरी न.पा.मा नेपाल बैंक लि., कृषि विकास बैंक र सिटिजन्स बैंक लि. गरी ३ वटा मात्र बैंक शाखाहरू रहेका छन्।

(ख) जुम्ला: अञ्चल सदरमुकाम समेत रहेको यस जिल्लाको जनसंख्या करिब १ लाख १८ हजार रहेको छ। ऐतिहासिक सुन्दर नगरी चन्दननाथ नगरपालिका सहित यस जिल्लामा ८ वटा स्थानीय निकाय रहेका छन्। एउटा नगरपालिका र ७ वटा गाउँपालिका रहेको यस जिल्लाको सदरमुकामको रुपमा रहेको चन्दननाथ नगरपालिकामा मात्रै बैंकहरूको उपस्थिति रहेको छ। जुम्ला जिल्लामा रहेको राष्ट्रिय वाणिज्य बैंकमा नेपाल राष्ट्र बैंकले नोटकोषको स्थापना गरी त्यस क्षेत्रमा नेपाली नोटहरू आपूर्ति गर्ने गरेको छ। सडक यातायातसँग आवद्धता भए तापनि कठिन सडकका कारण हालसम्म हवाइजहाज चार्टर गरेरै नेपाली मुद्राको ढुवानी गर्ने गरिएको छ। जुम्लाको चन्दननाथ न.पा. मा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल इन्भेष्टमेण्ट बैंक, सिटिजन्स बैंक, एनआइसी एसिया बैंक, बैंक अफ काठमाडौं गरी ६ वटा वाणिज्य बैंकका शाखाहरू सञ्चालनमा रहेका छन्।

(ग) कालिकोट: समग्र कर्णाली अञ्चलको ४ लाख २५ हजार जनसंख्या मध्ये यस जिल्लामा करिब १ लाख ५० हजार बसोबास गर्छन्। ३ वटा नगरपालिका सहित यस जिल्लामा ९ वटा स्थानीय निकाय रहेका छन्। जनसंख्याको हिसाबले करिब २० हजार मात्र बसोबास गर्ने जिल्ला सदरमुकामको रुपमा रहेको खाँडचक्र नगरपालिकामा मात्रै बैंकहरूको उपस्थिति रहेको छ। यहाँ राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, ग्लोबल आइएमइ बैंक, एनआइसी एसिया बैंक, सानिमा बैंक गरी पाँचवटा वाणिज्य बैंकका शाखाहरू सञ्चालनमा रहेका छन्। कालिकोट जिल्लामा रहेको राष्ट्रिय वाणिज्य बैंकमा नेपाल राष्ट्र बैंकले नोटकोषको स्थापना गरी त्यस क्षेत्रमा नेपाली नोटहरू आपूर्ति गर्ने गरेको छ।

(घ) मुगु: धेरै हिसाबले कर्णाली अञ्चलको प्रमुख जिल्लाको रुपमा मुगुलाई लिइन्छ। करिब ६० हजार जनसंख्या बसोबास गर्ने यस जिल्लामा १ नगरपालिका सहित जम्मा ४ स्थानीय निकाय रहेका छन्। जनसंख्याको हिसाबले करिब २० हजार मात्र बसोबास गर्ने जिल्ला सदरमुकामको रुपमा रहेको छायाँनाथ रारा नगरपालिकामा मात्रै बैंकहरूको उपस्थिति रहेको छ। यहाँ राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, एनआइसी एसिया बैंक गरी तीनवटा वाणिज्य बैंकका शाखाहरू सञ्चालनमा रहेका छन्। गमगढीमा रहेको राष्ट्रिय वाणिज्य बैंकमा नेपाल राष्ट्र बैंकले नोटकोषको स्थापना गरी त्यस क्षेत्रमा नेपाली नोटहरू आपूर्ति गर्ने गरेको छ। सडक यातायातको ट्र्याक मात्र खुलेकाले यस जिल्लाका लागि आवश्यक नेपाली मुद्राको ढुवानी हवाइ यातायातबाटै गरिन्छ।

(ङ) हुम्ला: मुलुकको सडक यातायातको सञ्जालमा मिसिन नसकेको यो जिल्लालाई कर्णाली अञ्चलकै दुर्गम जिल्लाको रुपमा लिइन्छ। करिब ५५ हजार जनसंख्या बसोबास गर्ने यो जिल्लामा कुनै पनि नगरपालिका छैनन्। जम्मा ७ स्थानीय निकाय रहेको यस जिल्लामा पनि सदरमुकामको रुपमा रहेको सिमिकोट गाउँपालिकामा मात्रै बैंकहरूको उपस्थिति रहेको छ। जनसंख्याको हिसाबले करिब १२ हजार मात्र बसोबास गर्ने सदरमुकाम बाहेकका अन्य क्षेत्रका जनताले बैकिङ सुविधा पाएका छैनन। यहाँ राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र सिटिजन्स बैंक गरी तीनवटा वाणिज्य बैंकका शाखाहरू सञ्चालनमा रहेका छन्। सिमिकोटमा रहेको राष्ट्रिय वाणिज्य बैंकमा नेपाल राष्ट्र बैंकले नोटकोषको स्थापना गरी त्यस क्षेत्रमा नेपाली नोटहरू आपूर्ति गर्ने गरेको छ।

## कर्णालीमा प्रस्तावित वाणिज्य बैंकका शाखाहरूको विवरण

चालू आ. व. २०७४/०७५ को वजेट वक्तब्यमा प्रत्येक स्थानीय निकायमा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा स्थापना गरिने उल्लेख छ। उक्त व्यवस्थालाई कार्यान्वयनमा ल्याउन चालू आ.व. २०७४/०७५ को मौद्रिक नीतिमा समेत संघीय संरचनाअनुसार तय भएका ७४४ वटै स्थानीय निकायमा कम्तीमा एउटा वाणिज्य बैंक खोल्नै पर्ने व्यवस्था गरेको छ। राष्ट्र बैंकले यो नीतिगत व्यवस्थालाई कार्यान्वयनमा ल्याउन बैंकहरूको छाता संगठनसँग समन्वय गरी बैंक शाखा नभएका स्थानमा सकेसम्म छिटो शाखा खोल्न आवश्यक व्यवस्थापन गर्ने भएको छ। सरकारी कारोबारका लागि बैंक शाखा खोल्नै पर्ने बाध्यात्मक अवस्था भएकाले बैंकहरूलाई लागत व्यवस्थापनमा सहज होस् भनेर मौद्रिक नीतिले त्यसरी खोलिने शाखाको हकमा १ वर्षका लागि रु. १ करोड निर्ब्याजी सापटी उपलब्ध गराउने भएको छ। त्यसैगरी मौद्रिक नीतिले केही तोकिएका विकट तथा दुर्गम जिल्लाहरूका सदरमुकाम भन्दा बाहिर शाखा खोलेमा प्रति शाखा रु. १ करोड एवम् शाखा नभएका त्यस्ता स्थानमा शाखा खोली खाता नै नभएकाहरूको खाता खोलेमा प्रति २५०० खाता बराबर रु. १ करोड निर्ब्याजी सापटी उपलब्ध गराउने भएको छ। हालसम्मको आँकडा (२०७४ साउन पहिलो सातासम्म) अनुसार मुलुकका ७४४ स्थानीय निकायमध्ये करिब ३५२ निकायमा वाणिज्य बैंकको उपस्थिति नरहेकाले क्रमश: शाखा खोल्ने र केही पूर्वाधारहरूको व्यवस्था भएका करिब २४४ स्थानमा यथाशीघ्र शाखा खोल्न वाणिज्य बैंकहरूलाई राष्ट्र बैंकबाट थप निर्देशन भएको छ। सोही व्यवस्था अनुसार अब छिट्टै कर्णाली अञ्चलका पाँचै जिल्लाका विभिन्न स्थानीय निकायमा विभिन्न वाणिज्य बैंकका थप १२ शाखाहरू खोलिने भएका छन्।

## अन्त्यमा

कर्णाली भूगोलको हिसाबले नेपालकै ठूलो अञ्चल हो। मुलुकको करिब १५ प्रतिशत भूगोल ओगटे तापनि कठिन भूगोल र अविकासका कारण त्यहाँ जम्मा १.५ प्रतिशत मात्रै जनसंख्या बसोबास गर्छन्। अथाह प्राकृतिक स्रोतले भरिपूर्ण भए पनि विकासका साथै बैंकिङ क्षेत्रमा पनि कर्णाली पछि परेको छ। काठमाडौंले आधुनिक बैंक पाएको करिब ३० वर्षपछि मात्र कर्णालीले बैंक पायो। २०७४ असार मसान्तसम्म कर्णाली अञ्चलमा विभिन्न वाणिज्य बैंकका २० वटा मात्र बैंक शाखाहरू रहेका छन्। समग्र मुलुकको तथ्यांक हेर्ने हो भने एउटा बैंक शाखाले औषतमा ९ हजारलाई बैंकिङ सेवा पुऱ्याउने राष्ट्रिय आँकडा रहे पनि कर्णालीमा एउटा शाखाले करिब १८ हजार जनतालाई सेवा पुऱ्याउनु परेको देखिन्छ। कर्णालीभित्रैको शाखाहरूको असमान वितरण त झन् कहालीलाग्दो छ। संघीय संरचना अनुसार कर्णालीमा ७ नगरपालिका र २९ गाउँपालिका गरी ३६ स्थानीय निकाय रहेका छन्। कर्णालीका ७ नगरपालिका मध्ये ३ वटा नगरपालिका र २९ गाउँपालिका मध्ये २८ गाउँपालिका गरी ३१ स्थानीय निकायमा कुनै पनि वाणिज्य बैंकका शाखाहरू छैनन्। पछिल्लो प्रस्तावित व्यवस्था अनुसार १२ स्थानीय निकायमा वाणिज्य बैंकहरूका शाखा खोलिए भने पनि अझै १९ वटा स्थानीय निकायले बैंक पाउन थप केही समय लाग्ने देखिन्छ। चालू आ.व. २०७४/०७५ को मौद्रिक नीतिले बैंक नभएका दुर्गम स्थानमा वाणिज्य बैंक शाखा खोल्नलाई जुन उत्प्रेरणात्मक व्यवस्था गरेको छ त्यसमा कर्णालीका लागि थप उत्प्रेरणात्मक व्यवस्था गर्न सके बाँकी रहेका स्थानीय निकायले बैंक पाउन सम्भव छ। अन्यथा सडक, सञ्चार, विद्युत पुगेपछि मात्रै बैंक खोल्न कुर्ने हो भने कर्णालीका सबै स्थानीय निकायमा बैंक पुग्न अझै दशौं वर्ष लाग्न सक्छ।

समाप्त

## विद्यावारिधि उपाधी प्रदान



अनुसन्धान विभागका सहायक निर्देशक शालिकराम पोखरेलले मिति २०७४ साउन २२ गते त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा विद्यावारिधि प्राप्त गर्नु भएको छ। वि.सं २०५३ मा बैंक सेवामा प्रवेश गर्नु भएका पोखरेलले 'Impact of Microfinance on Poverty in Nepal' विषयमा सोधपत्र तयार गर्नु भएको थियो। समाचार डा. शालिकराम पोखरेललाई बधाई ज्ञापन गर्दछ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक बर्ष २०७३/२०७४ को तथ्याङ्कमा आधारित)**

## समष्टिगत आर्थिक परिदृश्य

केन्द्रीय तथ्याङ्क विभागको अनुमान अनुसार आर्थिक वर्ष २०७३/७४ मा देशको यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर(उत्पादकको मूल्यमा) अघिल्लो वर्षको ०.४ प्रतिशतको तुलनामा ७.५ प्रतिशत रहेको छ। त्यसैगरी, आधार भूत मूल्यमा यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो वर्षको ०.०१ प्रतिशतको तुलनामा ६.९ प्रतिशतरहेको अनुमान छ। अनुकूल मौसमी वर्षा, उर्जा आपूर्तिमा भएको सुधार र आपूर्ति व्यवस्थामा सामन्यीकरण भएकोले गत वर्षको न्यून आधारबाट आर्थिक वृद्धिदर उच्चरहन गएकोहो। उक्त ७.५ प्रतिशतको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०५०/५१ देखिको उच्चत्तम वृद्धिदर हो ।कृषि क्षेत्रको उत्पादन ५.३ प्रतिशत र गैर- कृषि क्षेत्रकोवृद्धिदर ७.७ प्रतिशत रहेकोले उक्त ऐतिहासिक उच्च वृद्धिदर हासिल भएको हो। धानको उत्पादन २१.७ प्रतिशतले वृद्धि भएकोले कृषि क्षेत्रमा उक्त वृद्धिदरसम्भवभएको हो ।समीक्षा वर्षमा औद्योगिक क्षेत्रको वृद्धिदर १०.९ प्रतिशत रह्यो। अघिल्लो वर्षऔद्योगिक क्षेत्रको उत्पादन ६.३ प्रतिशतले घटेको थियो। समीक्षा बर्षमा सेवा क्षेत्रको उत्पादन ६.९ प्रतिशतले बढेका अनुमान छ। अघिल्लो बर्ष यो क्षेत्र २.१ प्रतिशतले वृद्धि भएको थियो। पर्यटक आगमनमा वृद्धि रु यापार एवम् संचार क्षेत्रको विस्तारका कारण सेवा क्षेत्रको वृद्धिदर बढेको हो।

## कुल राष्ट्रिय खर्च योग्य आय, उपभोग, बचत तथा लगानी

आर्थिक वर्ष २०७३/७४ मा कुल राष्ट्रिय खर्चयोग्य आय १३.४ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष यस्तो आय प्रतिशतले ६. ५वृद्धि भएको थियो। आर्थिक वर्ष २०७३/७४ मा कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ८९.७ प्रतिशत रह्यो। त्यस्तै समिक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनमा कुल स्थिर पूँजी अनुपात ३३.८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात २८.८ प्रतिशत रहेको थियो। त्यसैगरी, समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा राष्ट्रिय बचतको अनुपात ४३.८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ४० प्रतिशत रहेको थियो।

## मुद्रास्फीति

आर्थिक वर्ष २०७३/७४ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.५ प्रतिशतमा सीमित रहेको छ। अघिल्लो बर्ष सो मुद्रास्फीति ९.९ प्रतिशत रहेको थियो ।आर्थिक वर्ष २०६१/६२ पछि पहिलो पटक वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.५ प्रतिशतमा झरेको हो। उक्त ४.५ प्रतिशतको उपभोक्ता मुद्रास्फीति दर आर्थिक वर्ष २०७३/७४ को ७.५ प्रतिशतको लक्ष्य भन्दा कम रहेको छ। २०७४ असार महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.४ प्रतिशत रहेको थियो। उक्त वार्षिक विन्दुगत मुद्रास्फीति २०६१ कात्तिक पछिको न्यूनतम हो।

समीक्षा वर्षमा घ्यू तथा तेल, दलहन तथा गेडागुडी, तरकारी, यातायात लगायतका समूहको वार्षिक औसत मूल्यमा कमी आएकोले समग्र उपभोक्ता मुद्रास्फीति न्यून रहन गएको हो। समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कको औसत वृद्धिदर क्रमशः १.९ प्रतिशत र ६.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षमा यी समूहहरूको मूल्य सूचकाङ्कको औसत वृद्धिदर क्रमशः १०.९ प्रतिशत र ९.२ प्रतिशत रहेको थियो। घ्यू तथा तेलको मूल्यमा ६ प्रतिशत, दलहन तथा गेडागुडीको मूल्यमा ५.५ प्रतिशत र तरकारीको मूल्यमा २.५ प्रतिशतले कमी आएकोले समग्र खाद्य मुद्रास्फीति न्यून रहन गएको हो।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा वर्षमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति पहाडमा ६.४ प्रतिशत, तराईमा ४.४ प्रतिशत, हिमालमा ४.१ प्रतिशत र काठमाडौं उपत्यकामा ३.१ प्रतिशत रहेको छ।

## नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

आर्थिक वर्ष २०७३/७४ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति भारतमा ३.४ प्रतिशत र नेपालमा ४.५ प्रतिशत रहेकोले यी दुई मुलुकबीचको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति १.१ प्रतिशत अन्तर रहेको छ। अघिल्लो वर्ष नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ९.९ प्रतिशत र ५.२ प्रतिशत रहेकोले वार्षिक औसत उपभोक्ता मुद्रास्फीति अन्तर ४.७ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०७३/७४ मा वार्षिक औसत थोक मुद्रास्फीति २.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो। कृषिजन्य वस्तुहरूको मूल्य वृद्धिमा उल्लेख्य कमी आएको तथा आयातित वस्तुहरूको मूल्यमा गिरावट आएकोले समग्र थोक मुद्रास्फीति घटन् गएको हो।

## बैदेशिक व्यापार

आर्थिक बर्ष २०७३/७४ मा कुल वस्तु निर्यात ४.२ प्रतिशतले वृद्धि भई रु.७३ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा १७.८ प्रतिशतले ह्रास आएको थियो। समीक्षा अवधिमा भारततर्फ ५ प्रतिशत, चीनतर्फ १.२ प्रतिशत र अन्य मुलुकतर्फ ३.३ प्रतिशतले निर्यात बढेको छ। वस्तुगत आधारमा जुस, पिना, जुटका समान, हस्तकलाका समान, चाउचाउ, लगायतका वस्तुको निर्यात बढेको छ भने उनी गलैचा, अलैंची, तयारी पोशाक, पोलिष्टर धागो, चिया लगायतका वस्तुहरूको निर्यात घटेको छ। समीक्षा अवधिमा कुल वस्तु आयात २८ प्रतिशतले बढेर रु.९९० अर्ब ११ करोड पुगेको छ। अघिल्लोवर्षको सोही अवधिमा यस्तो आयात ०.१ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा भारतबाट भएको आयात ३२.८ प्रतिशत, चीनबाट भएको आयात १० प्रतिशत र अन्य मुलुकबाट भएको आयात २६.८ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा कुल सेवा आय १४.३ प्रतिशत र कुल सेवा खर्च २०.८ प्रतिशतले बढेको कारण खुद सेवा आय बचत रु. २ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु.९अर्ब ८५ करोड रहेको थियो। सेवा खाता अन्तर्गत पर्यटन

८ पेजको बाँकी

आय समीक्षा अवधिमा ४०.१ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २२.२ प्रतिशतले घटेको थियो ।

विप्रेषण आप्रवाह समीक्षा अवधिमा विप्रेषण आप्रवाह ५.८ प्रतिशतले वृद्धि भई रु. ६३३ अर्ब ४२ करोड पुगेको छ ।अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ८.६ प्रतिशतले वृद्धि भएको थियो। खुद ट्रान्सफर आय ११.६ प्रतिशतले वृद्धि भई रु. ७७५ अर्ब ६४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १०.१ प्रतिशतले बढेको थियो ।

## विप्रेषण आप्रवाह

समिक्षा बर्षमा विप्रेषण आप्रवाह ४.६ प्रतिशतले वृद्धि भई रु.६९५ अर्ब पैतालिस करोड पुगेको छ। अघिल्लो वर्षमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले वृद्धि भएको थियो ।खुद ट्रान्सफर आय९.५ प्रतिशतले वृद्धि भई रु. ८५१ अर्ब ८० करोड पुगेको छ। अघिल्लोयस्तोवर्ष आय ९.६ प्रतिशतले बढेको थियो ।

वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरूको संख्या (पुन: श्रम स्वीकृति बाहेक) मा कमी आएको छ ।अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७३/७४ मा गत वर्षको तुलनामा ४.७ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १८.४ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा मलेसिया, संयुक्त अरब ईमिरेट्स, कुवेत लगायतका देशमा जाने कामदारको संख्यामा वृद्धि भएको छ भने साउदी अरेविया, कतार लगायतका देशमा जाने कामदारको संख्यामा गिरावट आएको छ।

## चालू खाता एवम् शोधनान्तर

अघिल्लो बर्ष रु. १४० अर्ब ४२ करोडको उच्च बचतमा रहेको चालू खाता समीक्षा अवधिमा वस्तु आयात उच्च दरले बढेको कारण रु. १० अर्ब १३ करोडले घाटामा गएको छ। निर्यातको तुलनामा आयातमा उच्च वृद्धि भएकोले अघिल्लो वर्ष उल्लेख्य बचतमा रहेको चालू खातासमीक्षा वर्षमा घाटामा गएको हो। त्यसैगरी, अघिल्लो वर्ष रु. १८८ अर्ब ९५ करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा वर्षमा रु. ८२ अर्ब १५ करोडले बचतमा रहेको छ। समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर रु. १३ अर्ब ३६ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १३ अर्ब ५० करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु. १६ अर्ब ९९ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. ५अर्ब९२ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति

कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट.९ ३ प्रतिशतले वृद्धि भई २०७४ असार मसान्तमा रु. १०७९ अर्ब ५२ करोड रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७असार४ मसान्तमा ४.५ प्रतिशतले वृद्धि भई ९२७रु. अर्ब २७ करोड रहेको छ। आर्थिक वर्ष २०७३/७४ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३.२ महिनाको वस्तु आयात र ११.४महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।२०७४ असार मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन,कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४१.५ प्रतिशत, ९५.३ प्रतिशत र ४१.७ प्रतिशत रहेका छन्। २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए।

## सरकारी बजेट/खर्च/राजश्व/नगद मौज्दात

आर्थिक वर्ष २०७३/७४ मा नेपाल सरकारको राजस्व २६.४ प्रतिशतले वृद्धि भई रु. ६० ९ अर्ब ७१करोड पुगेको छ। उक्त राजस्व बजेट लक्ष्य रु. ५६५ अर्ब ९० करोडको १०७.७ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष सरकारको राजस्व १८.८ प्रतिशतले वृद्धि भई रु. ४८१ अर्ब ९८ करोड पुगेको थियो। समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात २३.४ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७२/७३ मा यस्तोअनुपात २१.४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७३/७४ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३६.५ प्रतिशतले वृद्धि भई रु.७९३ अर्ब ९१ करोड पुगेको छ ।अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च १४.२ प्रतिशतले बढेर रु.५८१ अर्ब ७० करोड पुगेको थियो।

## मुद्राप्रदाय

अघिल्लो वर्ष १९.५ प्रतिशतले बढेका विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०७३/७४मा १५.५ प्रतिशतलेमात्र बढेको छ।। उक्त १५.५ प्रतिशतको विस्तृत मुद्राप्रदाय वृद्धिदर १५.७ प्रतिशतको प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सँगै नकै हदसम्म मिलेको देखिन्छ ।समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति( विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ८२ अर्ब १५करोड (८.६ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रु. १८८ अर्ब ९५ करोड(२.३ प्रतिशत) ले बढेको थियो। समीक्षा वर्षमा सञ्चित मुद्रा २०.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा४.६ प्रतिशतले बढेको थियो ।

## निक्षेप संकलन/कर्जाप्रवाह

।समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप १९.४ प्रतिशतले बढेको थियो।। २०७४ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमशः ८.७ प्रतिशत, ३५.४ प्रतिशत र ४३.२ प्रतिशत रहेको छ ।अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.१ प्रतिशत, ४३.३ प्रतिशत र ३०.५ प्रतिशत रहेको थियो। बैंक तथा वित्तीय संस्थाहरूको निजी क्षेत्रतर्फ लगानीमा रहिरहेको कर्जा १८.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २३.७ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको २५ प्रतिशत र विकास बैंक र वित्त कम्पनीहरूको १३.७ प्रतिशतले र १३.३ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा कृषि क्षेत्रतर्फको कर्जा १४.३ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ११.४ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १६ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा १६.१ प्रतिशत, सेवाक्षेत्रका उद्योगतर्फको कर्जा २३.३ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २५.२ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७३/७४ मा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.९ प्रतिशत कर्जा घर जग्गाको धितोमा र

क्रमश: १० पेजमा

९ पेजको बाँकी

१३.९ प्रतिशत कर्जा चालू (कृषिसम्पत्ति तथा गैर-कृषिजन्य वस्तु) कोधितोमा प्रवाह भएको छ। अघिल्लो वर्ष यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६०.८ प्रतिशत र १५.२ प्रतिशत रहेको थियो।

## पुनरकर्जा र उत्पादनशील कर्जा

उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा वर्षमा बढेको छ। आर्थिक वर्ष २०७३/७४ मा साधारण पुनरकर्जा रु. १३ अर्ब ७८ करोड र निर्यात कर्जा रु. ८३ करोड गरी कुल रु. १४ अर्ब ६१ करोड पुनरकर्जा उपयोग भएको छ। अघिल्लो वर्षमा साधारण रु.पुनरकर्जा ७ अर्ब ६० करोड र निर्यात पुनरकर्जा रु. १ अर्ब ३० करोड गरी जम्मा रु. ८ अर्ब ९० करोड पुनरकर्जाको उपयोग भएको थियो।

भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत आर्थिक वर्ष २०७२/७३ मा रु. ५ करोड ९० लाख पुनरकर्जास्वीकृत भएकोमा २०७३/७४ मा रु. ७९ करोड ९० लाख स्वीकृत भएको छ।वाणिज्य बैंकहरूले तोकिएका उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७४ असार मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १८.२प्रतिशत रहेको छ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७३/७४ मा खुला बजार कारोबारमार्फत् रु. ६१ अर्ब तरलता प्रवाह भएको छ। यस अन्तर्गत रिपो बोलकबोल(ब्याजदर करिडोर अन्तर्गतको रु. ५ अर्ब ४० करोड सहित)मार्फत् कुल रु. ३३ अर्ब २१ करोड र सोझै खरीद बोलकबोलमार्फत रु. २७ अर्ब ७९ करोड तरलता प्रवाह भएको छ। साथै, समीक्षा अवधिमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले रु. ६२ अर्ब ३९ करोडको स्थायी तरलता सुविधा उपयोग गरेका छन्।

आर्थिक वर्ष २०७३/७४ मा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ४ अर्ब ११ करोड खुद खरिद गरी रु.४३५ अर्ब ८६ करोड खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब ४५ करोड खुद खरिद भई रु. ४७१ अर्ब ३५ करोड खुद तरलता प्रवाह भएको थियो।

आर्थिक वर्ष २०७३/७४ मा खुलाबजार कारोबारमार्फत् रु. १२४ अर्ब ४५ करोड तरलता प्रशोचन गरिएको छ। यस अन्तर्गत ब्याजदर करिडोर अन्तर्गतको चौध दिने निक्षेप् बोलकबोलमार्फत् रु.४३ अर्ब ७५ करोड, ९० दिने निक्षेप बोलकबोलमार्फत् रु. १६ अर्ब ४५ करोड र रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब २५ करोडको प्रशोचन भएको छ।अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोलकबोल, रिभर्स रिपो तथा सोझै बिक्री बोल-कबोलमार्फत् क्रमशः रु. २९७ अर्ब ५० करोड, रु. २३५ अर्ब ९५ करोड र रु.९ अर्ब १० करोड गरी जम्मा रु.५४२ अर्ब ५५ करोड तरलता प्रशोचन गरिएको थियो।

समिक्षा बर्षमा अमेरिकी डलर ४ अर्ब १२ करोड र यूरो १२ करोड बिक्री गरी रु. ४५१ अर्ब ८९ करोड बराबरको भा.रु. खरिद भएको छ।अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ४० करोड र यूरो २१ करोड बिक्री गरी रु. ३८५ अर्ब ४७ करोड बराबरको भा.रु. खरिद भएको थियो।

## अन्तर-बैंक कारोबार /ब्याजदर

आर्थिक वर्ष २०७३/७४ मा वाणिज्य बैंकहरूले रु. १०६२ अर्ब ४ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ३८१ अर्ब २ करोडको अन्तर-बैंक कारोबार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु.९६१ अर्ब ७२ करोड र रु.१२९ अर्ब ६ करोडको यस्तो कारोबार गरेका थिए।

२०७३ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.०५ प्रतिशत रहेकोमा २०७४ असारमा ०.७१ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ असारको ०.६९ प्रतिशतको तुलनामा २०७४ असारमा ०.६४ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर वृद्धि भई २०७३ असारको ३.२५ प्रतिशतको तुलनामा २०७४ असारमा ४.४७ प्रतिशत पुगेको छ।

२०७४ असारमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ५.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको जेठमा यस्तो ब्याजदर अन्तर ५.६ प्रतिशत रहेको थियो। त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ असारको ६.५ प्रतिशतको तुलनामा २०७४ असारमा ९.९ प्रतिशत कायम हुन आएको छ।

## मर्जर/प्राप्ति तथा रिजोलुसन

यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात २०७४ असार मसान्तसम्म कुल १५० वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये १११ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ३९ संस्था कायम भएका छन्।

२०७४ असारसम्ममा समस्याग्रस्त घोषणा गरिएका १६ वटा बैंक तथा वित्तीय संस्थाहरूमध्ये ७ वटाको रिजोलुसन प्रक्रिया सम्पन्न भएको छ। जसमध्ये २ वटा संस्था जनरल फाइनान्स लि. र अरुण फाइनान्स लि. समस्याग्रस्तबाट हटी सामान्य रुपमा संचालनमा आइसकेका छन्। हाल कायम रहेका ९ वटा समस्याग्रस्त संस्थाहरूमध्ये ६ वटाको शेयर स्वामित्व हस्तान्तरणको प्रक्रियामा रहेको छ। अर्को एउटाको शेयर स्वामित्व हस्तान्तरणको लागि छलफल भइरहेको छ। बाँकी २ वटा संस्थाको भने मुद्दा अदालतमा विचाराधीन छ।

मर्जर तथा प्राप्तीको परिणाम स्वरुप यस बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०७४ असार मसान्तमा १४९ रहेको छ। यस अनुसार २०७४ असार मसान्तमा २८ वाणिज्य बैंक, ४० विकास बैंक, २८ वित्त कम्पनी र ५३ लघुवित्त संस्थाहरू संचालनमा रहेका छन्। बैंक तथा वित्तीय संस्थाहरूको शाखा संजाल २०७३ असार मसान्तमा ४२७२ रहेकोमा २०७४ असार मसान्तमा ५०६८ पुगेको छ।

## पूँजी बजार

नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ७.९ प्रतिशतले ह्रास आई २०७४ असार मसान्तमा १,५८२.७ विन्दु कायम भएको छ।२०७३ असार मसान्तमा उक्त सूचकाङ्क १,७१८.२

क्रमशः ११ पेजमा

१० पेजको बाँकी

विन्दु कायम भएको थियो ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७४ असार मसान्तसम्ममा २०८ रहेको छ। २०७३ असार मसान्तमा यस्तो संख्या २३० रहेको थियो। केही बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भएका कारण सूचीकृत कम्पनीहरूको संख्या घटन ्गएको हो। सूचीकृत कम्पनीहरूमध्ये १६५ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, १४ वटा जलविद्युत्कम्पनी, ४/४ वटा होटल तथा व्यापारिक संस्था र ३ वटा अन्य समूहका रहेका छन् ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी आर्थिक वर्ष २०७३/७४ मा ४१.९ प्रतिशतले वृद्धि भई रु. २८९ अर्ब ५९ करोड पुगेको छ। आर्थिक वर्ष २०७३/७४ मा रु. ४ अर्ब ६७ करोड बराबरको साधारण शेयर, रु. २९ अर्ब ६४ करोड बराबरको हकप्रद शेयर, रु. ३६ अर्ब ४२ करोड राबरको बोनस शेयर, रु. ६२ अर्ब बराबरको सरकारी ऋणपत्र र रु. १ अर्ब २५ करोड बराबरको म्युच्युअल फण्ड गरी कुल रु. १३३ अर्ब ९८ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

## आर्थिक गतिविधि अध्ययन

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय, बैंकिङ्ग विकास तथा अनुसन्धान इकाइले यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत रहेका गण्डकी र धौलागिरी अञ्चलका १० जिल्लाको नियमित वार्षिक आर्थिक गतिविधि अध्ययन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग पठाउने प्रावधान वमोजिम आ.व. २०७३/७४ को वार्षिक आर्थिक गतिविधि सम्बन्धी तथ्याङ्क संकलनको कार्य साउनको दोश्रो सातादेखि नै प्रारम्भ गरिसकेको छ। यस कार्यालयबाट कृषि, पशु, वन, उद्योग, व्यापार, सेवा, वित्तीयबजारको विकास, कर्जा र निक्षेपको विस्तार, वाह्य क्षेत्रबाट प्राप्त विप्रेषण, सडक सञ्जाल, शिक्षा, स्वास्थ्य आदि विषयमा तथ्याङ्क संकलन गरी सोको उत्पादन, विस्तार र विकास सम्वन्धी नियमित प्रतिवेदन तयार पार्ने गरिन्छ ।

# अन्तर्राष्ट्रिय तालिम/सेमिनार/गोष्ठी/मिटिङ आदिमा सहभागिता

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी र निर्देशक रबिन्द्र महर्जन UOB ले Hongkong मा June 26 देखि 28 सम्म आयोजना गरेको UOB Hongkong Cash Processing विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ र निर्देशक बमबहादुर मिश्र SEACEN ले Hongkong मा August 8 देखि 9 सम्म आयोजना गरेको 19th SEACEN FSI Conference of the Directors of Supervision of Asia Pacific Economies and Meeting of Directors of supervision of SEACEN Members मा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित BIS ले Swizerland मा June 24 देखि 26 सम्म आयोजना गरेको Annual General Meeting of BIS मा सहभागी हुनुभयो ।

कानुन महाशाखाका निर्देशक रामहरि न्यौपाने Finance Center for South–South Cooperation ले Beijing मा June 25 देखि July 3 सम्म आयोजना गरेको South–South Education Program for Economic and Finance मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक पिताम्बर भण्डारी र उपनिर्देशक राजनकृष्ण पन्त तथा सहायक निर्देशकहरू सुशिल पौडेल र मेदनीप्रसाद पौडेल IMF–SARTTAC ले New Delhi मा June 27 देखि 29 सम्म आयोजना गरेको Program with Ministry of Commerce and Industry विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्ट र सहायक निर्देशक दिलबहादुर सुब्बा आङ्दम्बे Egmont Group ले Macau, China मा July 2 देखि 7 सम्म आयोजना गरेको Egmont Group Plenery विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक विनोदराज आचार्य Bank of Korea ले Seoul मा June 29 देखि July 2 सम्म आयोजना गरेको Study Visit मा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका निर्देशक भीष्मप्रसाद उप्रेती र सहायक निर्देशक श्यामकुमार श्रेष्ठ The Royal Mint UK ले UK मा July 23 देखि 29 सम्म आयोजना गरेको 7th annual coin management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्ट र सहायक निर्देशक नन्दकुमार ढकाल BNF & IMF ले Malaysia मा July 24 देखि 26 सम्म आयोजना गरेको BNM Monetary Policy Conference and BNM-IMF Summer Conference मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक श्यामकृष्ण दाहाल FATF ले Spain मा June 18 देखि 23 सम्म आयोजना गरेको Working Group Meeting मा सहभागी हुनुभयो ।

संस्थागत योजना विभागका उपनिर्देशक राजनविक्रम थापा, बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक तिर्थराज सिलवाल, बैक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशकहरू श्यामराज त्रिपाठी र टेकनाथ पोखरेल तथा गभर्नरको कार्यालयका सहायक निर्देशक सौरभ पोखरेल RBI ले Chennai, India मा June 27 देखि 30 सम्म आयोजना गरेको Basel Regulations विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशकहरू अशोक घिमिरे र संजिबकुमार झा, सहायक निर्देशक आदर्शकुमार भट्टराई तथा सूचना प्रविधि विभागका उपनिर्देशक तरुणकुमार झा SEACEN ले Singapore मा July 12 देखि 14 सम्म आयोजना गरेको SEACEN-MAS financial Technology Distruption: Rebuting finance and Regulation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उपनिर्देशक सिर्जना गौतम, वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक सुनिता श्रेष्ठ र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक पञ्चलक्ष्मी मानन्धर BNM-AFI ले Kuala Lampur मा July 10 देखि 14 सम्म आयोजना गरेको BNM-AFI Consumer Empowerment and Market Conduct

बाँकी अन्तिम पेजमा

११ पेजको बाँकी

Program मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक रञ्जना पण्डित IMF ले USA मा July 24 देखि August 4 सम्म आयोजना गरेको Managing Capital Flows: Macro economics Policies(MCF) विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक अजित रेग्मी AFI ले Malaysia मा August 1 देखि 3 सम्म आयोजना गरेको Cyber Security :Safegaurding the Future for Innovative Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका उपनिर्देशक हरिप्रसाद अधिकारी, सहायक निर्देशकहरू माधवप्रसाद पोखरेल, अशोककुमार अर्याल, सुमनकुमार अर्याल, संजयकुमार के. सी., सगरचन्द्र गौतम, निर्मला त्रिपाठी, कुमार राउत, गोविन्द बिष्ट, कृष्णप्रसाद चौलागाईं, सिद्धार्थनगर कार्यालयका शान्तिप्रसाद पाण्डे, पोखरा कार्यालयका ऋषिराम ढकाल, वीरगञ्ज कार्यालयका आनन्दकुमार उपाध्याय, सामान्य सेवा विभागका यामलाल सुवेदी, नेपालगञ्ज कार्यालयका सुशिल बिजुक्षे, आन्तरिक लेखापरीक्षण विभागका साधुराम तिमिल्सिना, जनकपुर कार्यालयका कृष्णशरण फुयाँल, विराटनगर कार्यालयका दिवाकरप्रसाद अधिकारी, वित्त व्यवस्थापन विभागका विष्णुप्रसाद उपाध्याय र धनगढी कार्यालयका विष्णुदत्त पाण्डे SCB-Mumbai ले India मा August 2 देखि 3 सम्म आयोजना गरेको Special Training Program मा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक ढुण्डीराज मिश्र र अनुसन्धान विभागका विपिनकुमार महतो SEACEN ले Combodia मा July 23 देखि 28 सम्म आयोजना गरेको Macroprudential Policies and Analysis कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक राजिव शर्मा रेग्मी IMF–SARTTAC ले India मा July 24 देखि 28 सम्म आयोजना गरेको External Sector Statistics विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक देवेशमान जोशी CICTAB ले Sirlanka मा July 24 देखि 28 सम्म आयोजना गरेको Cooperative Governance for the BOD for Rural FI and Cooperatives विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक तुलाराम ओझा Ministry of Agricultural Development ले Korea मा July 20 देखि 23 सम्म आयोजना गरेको Study Visit मा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका सहायक निर्देशक चन्द्रमणि निरौला तथा वित्त कम्पनी सुपरीवेक्षण विभागका मनोजकुमार थापा DeLaRue ले China मा August 2 देखि 23 सम्म आयोजना गरेको Anti Money Loundering for Nepal 2017 विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका सहायक निर्देशक बिना ढकाल पौडेल BIS ले Swizerland मा June 26 देखि 30 सम्म आयोजना गरेको Portfolio Analytics कार्यक्रममा सहभागी हुनुभयो ।

# तीज कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले नेपाली हिन्दु महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा मिति २०७४ भदौ २ गते कार्यालयका महिला कर्मचारीहरूलाई दर खुवाउने कार्यक्रम आयोजना गर्‍यो । कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको सो कार्यक्रममा कार्यालयका निर्देशक श्री पोमनाथ गौतमले सबैको सुस्वास्थ, दीर्घायु र सफल जीवनको शुभकामना व्यक्त गर्नु भएको थियो । साथै, उहाँले यस्ता कार्यक्रमहरूले आपसी सम्बन्ध र मित्रतालाई अझ प्रगाढ बनाउँदै कार्यालयमा सकारात्मक कार्य वातावरण सिर्जना गर्न सहयोग पुर्‍याउने धारणा समेत राख्नु भएको थियो ।

# विदेशी विनिमय व्यवस्थापन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न

विदेशी विनिमय व्यवस्थापनका विविध पक्षमा प्रकाश पार्ने उद्देश्यले नेपाल राष्ट्र बैंक पोखरा कार्यालयको आयोजनामा २०७४ असार २७ गते होटल जलमहलमा १ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । विदेशी मुद्रा सटहीको लागि इजाजत प्राप्त होटल, ट्राभल एजेन्सीका प्रतिनिधिहरू सम्मिलित यस कार्यक्रममा होटल संघ नेपाल पोखरा, ट्रेकिङ एजेन्सीज् एशोसिएसन नेपाल पोखराका अध्यक्षहरू र पर्यटन परिषद्का सल्लाहकारहरूको समेत उपस्थिति थियो ।

कार्यक्रमका अतिथि तथा वार्ताकारका रुपमा आमन्त्रित विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. निर्देशक श्री चेतप्रसाद उप्रतीले नीतिगत व्यवस्थाबारे प्रष्टाउनु भएको थियो भने नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक श्री पोमनाथ गौतमले विदेशी मुद्रा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी नेपाल राष्ट्र बैंकको भएता पनि विदेशी मुद्रा आर्जनसँग प्रत्यक्ष भूमिका रहने सबै इजाजत प्राप्त निकायको योगदान सबैभन्दा महत्त्वपूर्ण हुने हुँदा कारोबारको पारदर्शिता कायम राख्न सुझाव दिनु भयो ।

कार्यक्रममा बोल्दै होटल संघ नेपाल पोखरा (हान) का अध्यक्ष श्री बिकल शेरचन, नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा) पोखराका अध्यक्ष श्री संजय सिग्देल, ट्रेकिङ एजेन्सिज एशोसिएसन नेपाल (टान) पोखरा कार्यालयका अध्यक्ष श्री दिपक अधिकारी र पर्यटन परिषद्का सल्लाहकार श्री टिकाराम सापकोटाले समसामायिक समस्याहरू बैंकका प्रतिनिधि समक्ष राख्नुका साथै आ-आफ्नो राय तथा सुझाव पेश गर्नु भएको थियो । कार्यक्रममा उठेका जिज्ञासाका सम्बन्धमा अतिथि श्री उप्रेती, निर्देशक श्री गौतम र पोखरा कार्यालयका उप-निर्देशकहरूले प्रष्ट पार्नु भएको थियो ।

निर्देशक श्री पोमनाथ गौतमको संयोजकत्वमा सम्पन्न कार्यक्रममा उप-निर्देशक श्री अमर अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो भने सहायक निर्देशक श्री ज्ञाज शर्माले कार्यक्रम संचालन गर्नु भएको थियो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७५१८, ४२६८११६